# कटारी नगरपालिका
## Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipality Executive

कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

Phone No: 035-450039, 450296
Email: r.katarimun@gmail.com
website: www.katarimun.gov.np

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071


(पञ्जीकरण शाखा)

**पत्र संख्या** (Ref.No) :- २०८१/८२
**चलानी नं.** (Dispatch No.) :-

**मिति** (Date) :- २०८२/०३/३०

## <u>सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना</u>

यस कटारी नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आगामी आर्थिक वर्ष २०८२/८३ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि **मिति २०८२ श्रावण १ गते देखि भदौ मसान्त** भित्र आफ्नो वडा कार्यालयमा आवश्यक कागजात सहित लाभग्राही स्वयं उपस्थित भई बायोमेट्रिक डिभाईस मार्फत अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु र गराउनु हुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिमा सम्बन्धित वडा कार्यालयमा उपस्थित भई परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साथै**, बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय र ९० वर्ष माथिका स्वयं उपस्थित हुन नसक्ने लाभग्राहीहरुको हकमा आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले लाभग्राहीको तर्फबाट निवेदन दिन सक्नेछन् ।

**निवेदन साथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु :**

- राष्ट्रिय परिचयपत्र नम्बर
- सक्कल सामाजिक सुरक्षा भत्ता परिचयपत्र
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी (बालबालिका बाहेक)
- बालबालिकाकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएकाको हकमा स्थानीय तहबाट जारी अपाङ्गता परिचयपत्रको प्रतिलिपी
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नभएको प्रमाणित पत्र
- लाभग्राहीको पासपोर्ट साईजको फोटो १ प्रति
- लाभग्राहीको सम्पर्क नं. तथा तीन पुस्ते विवरण

मेघराज राई
**एम. आई. एस. अपरेटर**

राजन थापा
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत